AMERICAN EMBASSY

२०७२ फागुन ११

**अमेरिकी दूतावासले काठमाडौंमा क्षेत्रीय नमूना राष्ट्रसंघीय सम्मेलनलाई सहयोग गर्ने**

अमेरिकी दूतावासले वैचारिक युवा समाजसँगको साझेदारीमा आगामी भदौमा काठमाडौंमा नेपालको हालसम्मकै ठूलो क्षेत्रीय नमूना राष्ट्रसंघीय सम्मेलनको आयोजना गर्ने भएको छ । उक्त सम्मेलनमा दक्षिण तथा मध्य एसियाका २०० भन्दा बढी प्रतिनिधिहरू भेला भई क्षेत्रीय आर्थिक एकीकरण, जलवायु परिवर्तन र न्युकलियर नन-प्रोलिफेरेसन लगायतका विविध विषयहरूमा छलफल गर्नेछन् । यसका अतिरिक्त विश्वविद्यालय स्तरीय उक्त राष्ट्रसंघीय अनुकरण अभ्यासले सहभागी विद्यार्थी प्रतिनिधिहरूको नेतृत्व क्षमताका साथै द्वन्द्व समाधान र वक्तृत्वकलासम्बन्धी सीपहरू अभिवृद्धि गर्नेछ ।

“अमेरिकी दूतावासलाई क्षेत्रीय स्तरको यस नमूना राष्ट्रसंघीय सम्मेलनको हिस्सा बन्न पाउँदा खुशी लागेको छ, जसले दक्षिण तथा मध्य एसियाका विद्यार्थीहरूलाई एक ठाउँमा भेला गराउनेछ,” अमेरिकी राजदूत अलाइना बी. टेपलेट्जले भन्नुभयो । “विद्यार्थीकालमा म आफै सहभागी भएको हुँदा मलाई आफ्नै अनुभवबाट के थाहा छ भने नमूना राष्ट्रसंघ युवाहरूका लागि अन्तर्राष्ट्रिय सम्बन्ध तथा लोकतन्त्रको महत्त्वका विषयमा जान्नका लागि एक सशक्त माध्यम हो ।”

**नमूना राष्ट्रसंघ**

अङ्ग्रेजीमा अनौपचारिक रूपमा संक्षेपीकरण गरी मोडल युएन वा एमयुएन भनिने नमूना राष्ट्रसंघ संयुक्त राष्ट्रसंघको शैक्षिक अनुकरण हो, जसले सहभागी विद्यार्थीहरूलाई नागरिक शिक्षा, प्रभावकारी सञ्चार तथा बहुपक्षीय कूटनीतिका विषयमा शिक्षित बनाउँछ । नमूना राष्ट्रसंघीय सम्मेलनमा विद्यार्थीहरूले खास राष्ट्रसंघीय समितिहरूमा कार्यरत विभिन्न मुलुकका प्रतिनिधिहरूको भूमिकामा अभिनय गर्दछन् । आफूले प्रतिनिधित्व गर्ने मुलुकका वास्तविक हित र नीतिगत धारणाका आधारमा सहभागीहरूले विषयवस्तुहरूसम्बन्धी अध्ययन-अनुसन्धान गर्दछन् र सहमतिका धारणा तय गर्दछन् ।

**वैचारिक युवा समाज**

सन् २०१४ मा स्थापित वैचारिक युवा समाज युवाहरूद्वारा सञ्चालित एक गैरमुनाफामूलक, गैरसरकारी तथा गैरराजनीतिक संस्था हो । वैचारिक युवा समाजको ध्येय सक्रिय सहभागिता तथा संलग्नताको माध्यमबाट युवाहरूका लागि नेतृत्व विकास प्रदान गर्नु हो । बौद्धिक तथा अन्तरक्रियात्मक कार्यक्रमहरूको सहजीकरण तथा आयोजना गर्दै यसले युवालाई सशक्त बनाउने लक्ष्य लिएको छ । वैचारिक युवा समाजले सन् २०१४ देखि एभरेष्ट इन्टरनेशनल मोडल युएन कन्फरेन्सको नेतृत्व गर्दै आइरहेको छ ।

सोधपुछका लागि वैचारिक युवा समाजलाई info@ytsnepal.org वा ९८४१९६९७२७ मार्फत सम्पर्क गर्न सकिनेछ ।

###